डुडुवा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
बनकट्टी, बाँके

Website: - duduwamun.gov.np
Email: - duduwagaupalika@gmail.com

५ न. प्रदेश, नेपाल

प.स. ०७५/०७६
च.न. 988

मिति-२०७५/०६/२६

श्री सबै व्यवसायी, बुद्धिजीवी, सरोकारवाला
संघ संस्था, व्यक्ति एवं आम नागरिक।
डुडुवा गाउँपालिका, बनकट्टी, बाँके।

**विषय- अनुरोध सम्बन्धमा।**

नेपालीहरुको महान चाडपर्व विजयादशमी, शुभदिपावली तथा छठ लगायतका पर्वहरु सुरु भैसकेकोले आम गाउँपालिकावासी आमाबाबु , दिदीबहिनी एवं सम्पूर्ण नागरिकहरुमा सुख, शान्ति एंव सम्वृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दै उक्त समयमा तपसिल बर्मोजिम गर्न/गराउन भइ चाडपर्वलाई सभ्य, सुसज्जित एंव मर्यादित बनाउने कार्यमा सहयोग गर्नुहुन सबै सरोकारवाला एंव नागरिकहरुमा गाउँकार्यपालिकाको कार्यालय हार्दिक अनुरोध गर्दछ।

तपसिल :

- होटेल ब्यवसाय संचालन गर्ने व्यक्तिले रात को समयमा ९:०० बजे भित्र आफ्नो व्यापार व्यवसाय बन्द गर्ने।
- मादक पदार्थको सेवन गरि सार्बजनिक स्थ्यल मा होहल्ला नगर्ने।
- सार्बजनिक सवारी साधन को आवागमनमा बाधा पुगने गरी पिङ लगाएतका भौतिक संगरचनाको निर्माण नगर्ने।
- बिस्फोटक पदार्थ, पटाका लगायतका सामाग्रीको बिक्रीवितरण र प्रयोग नगर्ने।
- चाडपर्वका नाममा जुवा, तास लगायतका प्रतिबन्धित खेल खेल्ने/खेलाउने कार्य नगर्ने।
- कुनै पनि सार्वजनिक/सांस्कृतिक कार्यक्रमको आयोजना गर्ने भएमा स्थानीय प्रशासन र स्थानीय सरकारलाई जानकारी गराई तोकिएको समय र स्थानमा मात्रै संचालन गर्ने।
- सबै प्रकारका सवारीधनी एंव सवारीचालक महानुभावहरुले अनिवार्यरुपमा ट्राफिक नियम पालना गर्नु पर्ने साथै क्षमता भन्दा बढी यात्रु ओसार-प्रसार नगर्ने।
- चाडपर्वका समयमा मासुजन्य पदार्थको प्रयोग अत्याधिक रुपमा गरिने हुदा पशु वध तोकियको निस्चित स्थानमा गरि पशुवधलाई व्यवस्थित गर्ने।
- व्यक्तिगत स्वास्थ्यलाई खयालमा राखि दैनिक आहार- व्यहारमा सचेत रहने।
- चाडपर्वलाई सकेसम्म सरल र मित्तव्ययी बनाउदै भडकिलो हुन नदिने।
- धार्मिक सहिष्णुतालाई उच्च राख्दै आपराधिक, अवान्छित क्रियाकलाप नगर्ने/नगराउने, हुन नदिने

यदि कहिँकतै त्यस्तो हुन गएमा वा हुने संकेत देखिएका तत्काल प्रहरीको टोल फ्रि न. १०० मा खबर गरि प्रहरीलाई सहयोग गर्ने।

.............................
(लोकेन्द्र ज्ञवाली)
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

क) श्री जिल्ला प्रशासन कार्यालय, नेपालगंज, बाँके। (जानकारीको लागि अनुरोध छ)
ख) श्री इलाका प्रहरी कार्यालय, प्रहरी चौकी, डुडुवा गा.पा. अन्तर्गतका सबै। (अवश्यक समन्वय गरि दिनुहुन अनुरोध छ)
ग) श्री वडा कार्यालय डुडुवा गा.पा. अन्तर्गत सबै। (आ-आफ्नो वडामा उपरोक्त अनुसार गर्ने/गराउने)



01